☎ फोन नं.: 9855048897, 9855048899
Email : pmamp.piu.bara@gmail.com
वेभसाइट : piubara.pmamp.gov.np

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

कार्यक्रम कार्यान्वयन एकाइ, बारा

(कार्यक्षेत्र : बारा र पर्सा)

प्रस्ताव आव्हान सम्बन्धी पहिलो पटक प्रकाशित सूचना

सूचना नं. ०५

सूचना प्रकाशन मिति: २०८३/०७ /१८

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, बाराको आ.व. २०८३।०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार बारा र पर्सा जिल्लाका कृषकहरुको लागि तपसिलको कार्यक्रम संचालन गर्नको लागि २१ दिनको सूचना प्रकाशन गरिएको छ । कार्यक्रममा सहभागी हुन चाहने इच्छुक कृषि समूह/सहकारी/संस्था/समिति र कृषि फर्म/कम्पनीहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र अर्थात मिति २०८३।०८।०८ गते भित्र यस कार्यालयमा तोकिएको ढाँचा/फर्मेट ((*www.piubara.pmamp.gov.np* मा हेर्न र डाउनलोड गर्न सकिने) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै यस विषयमा थप जानकारीका लागि कार्यक्रम कार्यान्वयन एकाइ, बारामा सम्पर्क गर्न सकिनेछ ।

क.स.	कार्यक्रम/क्रियाकलाप	इकाई	वार्षिक लक्ष्य	वार्षिक स्वीकृत बजेट (रु.लाखमा)	कार्यक्रम अनुदान विवरण	कै.
१	प्राङ्गरिक मल/भर्मि कम्पोष्ट प्रवर्द्धन कार्यक्रम	पटक	२	५.६	(परियोजना कार्यान्वयन म्यानुअल-२०७७, पहिलो संशोधन-२०८१ बमोजिम हुने)	

आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :

१ रु १० को टिकट सहितको माग निवेदन ।कार्यक्रम कार्यान्वयन एकाइबाट उपलब्ध गराइएको ढाँचामा लागत अनुमान सहितको कार्यक्रम प्रस्तावना ।

२ संस्था दर्ता/नविकरण प्रमाण पत्र, स्थायी लेखा नम्बरको प्रमाण पत्र प्रतिलिपि र आ.व. २०८२।०८३ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

३ कार्यक्रम माँग सम्बन्धि संस्थागत निर्णय र आधिकारिक व्यक्ति निवेदकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।

४ समूह/सहकारी/फर्महरुको आ.व. २०८२।०८३ को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि

५ कार्यक्रम संचालन हुने स्थानको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौता र पूर्वाधार निर्माणको लागि कम्तिमा १० वर्षको सम्झौता ।

६ अन्य निकायबाट सोही कार्यक्रममा लाभान्वित नभएको वा दोहोरो नपर्ने स्व-घोषणा/प्रतिवद्धता ।

७ माँग गरिने कार्यक्रमको उपयुक्तता खुलेको सम्बन्धित कृषि शाखाको सिफारिस वा वडा कार्यालयको सिफारिस पत्र ।

८ विस्तृत जानकारीको लागि:

- कार्यक्रम कार्यान्वयन एकाइ, कलैया बाराका सूचना अधिकृतको मोबाइल नं ९८५५०४८८९७, मा सम्पर्क गर्न सकिने छ ।

पुनश्य : जोन क्षेत्र अन्तरगत सुचिकृत हुन इच्छुक कृषि समूह/सहकारी/संस्था/समिति र कृषि फर्म/कम्पनीहरुले कार्यालयबाट निर्धारित फाराम लिई सुचिकृत हुन सक्नुहुनेछ । यस आ.व. को कार्यक्रममा माँग आवेदन फारम पेश गर्न सूचना प्रकाशन भई आवेदन/माँग फारम बुझाउने अन्तिम मितिसम्म सुचिकृत भई आवेदन/माँग पेश गर्न सकिने छ ।

राम बलना प्रसाद साह
वरिष्ठ कृषि अधिकृत